नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ८, चैत्र १४ गते, २०७९ साल

**सिद्धलेक गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# भाग १

## सिद्धलेक गाउँपालिका शिक्षा (दोस्रो संशोधन ) ऐन, २०७९

गाउँसभाबाट स्वीकृत मितिः २०७९।१२।१३

# सिद्धलेक गाँउपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ लाई संशोधन गर्न बनेको ऐन, २०७९

१. संक्षिप्त नाम र प्रारम्भ : "(१) यस ऐनको नाम सिद्धलेक गाउँपालिका शिक्षा (दोस्रो संशोधन) ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. सिद्धलेक गाँउपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, गाँउ सभाले यो ऐन बनाएको छ ।

३. सिद्धलेक गाँउपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ को परिच्छेद ५ को दफा २० को उपदफा (३) मा संशोधन: सिद्धलेक गाँउपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ को परिच्छेद ५ को दफा २० को उपदफा (३) मा विद्यालय व्यवस्थापन समितिका उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट सम्बन्धित वडा समितिले छानेका सदस्य सो समितिको अध्यक्ष हुनेछ पछि त्यसरी वडा समितिले छानेका सदस्य र अध्यक्षलाई वडा समितिले चाहेमा फिर्ता बोलाई नयाँ सदस्य र अध्यक्षको सिफारिस गर्न सक्नेछ भन्ने वाक्यांश थपिएको ।

४. सिद्धलेक गाँउपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ को परिच्छेद ५ को दफा २० को उपदफा (३) मा संशोधन: सिद्धलेक गाँउपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७ को परिच्छेद ५ को दफा २० को उपदफा (३) (क) थप गरिएको:

उपदफा (३) (क) विद्यालय व्यवस्थापन समितिको वैठकमा मा वडाको वडा अध्यक्षलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्दछ।